गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की

## प्रेस विज्ञप्ति

गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री मानानिय प्रकाश वहादुर के.सी.ले विभागिय मन्त्रीको जिम्मेवारी सम्हालेको एक वर्ष पुरा भएको अवसरमा उक्त अवधिमा मन्त्रालयवाट सम्पादन भएका मुख्य मुख्य कामहरुको विवरण मन्त्रालयले सार्वजनिक गरेको छ । उक्त विवरण मन्त्रालयको वेवसाईट https://mopid.gandaki.gov.np/ मा राखिएको छ । यस अवधिमा मन्त्रालयले समग्र प्रदेशको पूर्वाधार निर्माण तथा सुदृढीकरण, यातायात व्यवस्थापनमा र दिगो विकासतर्फ महत्वपूर्ण प्रगति हासिल गरेको छ । मन्त्रालयले प्रदेशको भौतिक पूर्वाधार विकास र यातायात व्यवस्थापनलाई मूल लक्ष्य बनाई विभिन्न योजना र कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ। हालसम्म मन्त्रालयले ११४७ किलोमिटर कालोपत्रे सडक, ७६३ किलोमिटर ग्राभेल सडक, ११२ वटा सडक पुल र ८७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको छ।

सडक क्षेत्र तर्फ गत आर्थिक वर्षमा २४५.८८ किलोमिटर प्रादेशिक सडकको कालोपत्रे तथा स्तरोन्नती, ६६.७३ किलोमिटर ग्राभेल सडक निर्माणका साथै २९३.६९ किलोमिटर कच्ची सडकको नियमित मर्मत सम्भार कार्य सम्पन्न गरेको छ। सडक पुल क्षेत्र तर्फ ६९ वटा बहुवर्षिय योजनामा काम भइरहेकोमा १६ वटा योजनाहरू सम्पन्न भएका छन् भने झोलुङ्गे पुलमा १७ मध्ये ४ योजना पूरा भएका छन्। भवन निर्माणमा ४ मध्ये १ योजना सम्पन्न भएको छ भने महत्वपूर्ण प्रदेश सभा भवनको निर्माण कार्य द्रुत गतिमा अघि बढिरहेको छ। यसका साथै पाँचवटा यातायात व्यवस्था कार्यालयमार्फत आफ्नो कार्यक्षेत्रभित्रका सवारी दर्ता, नविकरण, जाँच पास, बाटो इजाजत तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा नियमित र नागरिकमैत्री रूपमा संचालन भएका छन्। गत आर्थिक वर्षमा यी कार्यालयहरूले जम्मा २ अर्ब ६५ करोड २९ लाख ६५ हजार रुपैयाँ राजस्व संकलन गरी प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याएका छन्। गत आर्थिक वर्षको भौतिक प्रगति ७९.९१ प्रतिशत र वित्तीय प्रगति ७६.५२ प्रतिशत पुगेको छ, जुन विगत चार वर्षको उच्चतम स्तर हो।

यस अवधिमा गण्डकी प्रदेश सडक ऐन २०८१ जारी भई प्रदेशभित्रका सडक संजालको व्यवस्थापन र नियमन सुनिश्चित भएको छ। त्यस्तै, भवन तथा बस्ती विकास विधेयक २०८१ तयार

उपसचिव

गरी प्रदेश सभामा पेश गरिएको छ। नेपालमै पहिलोपटक राइड सेयरिङ्ग व्यवस्थापन र नियमनका लागि राइड सेयरिङ्ग (नियमन र व्यवस्थापन) नियमावली, २०८२ जारी गरिएको छ।

चालु आर्थिक वर्षमा कुल बजेटको करिब ६५ प्रतिशत बहुवर्षिय र स्रोत सुनिश्चित योजनामा विनियोजन गरिएको छ भने बाँकी ३५ प्रतिशत मात्रै सालवसाली टुक्रे योजनामा विनियोजन भएको छ। यसले योजनागत कार्यान्वयनलाई थप प्रभावकारी वनाउने अपेक्षा रहेको छ। साथै, सवारी चालक अनुमतिपत्र प्रदेशमै छपाई तथा वितरण गर्ने तयारी गरिएको छ भने सवारी कर भुक्तानी र सवारी दर्ता किताव नविकरण अनलाइन माध्यमबाट सञ्चालन गर्ने व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन भएको छ ।

पदभार ग्रहण गरेको एक वर्षको अवधि पुगेको यस अवसरमा मन्त्रालयको नेतृत्वकर्ता माननिय मन्त्री प्रकाश वहादुर के.सीज्यूले आगामी आर्थिक वर्षमा अझ सुधार गर्दै प्रदेश सरकार (कार्यविभाजन) नियामावली, २०७४ ले तोकेका मन्त्रालयका जिम्मवारी क्रमशः पुरा गर्दै जाने विषयमा प्रतिबद्धता व्यक्त समेत गर्नुभएको छ । यसका साथै उपरोक्त प्रगति हासिल गर्न आफ्नो स्थानवाट कार्यसम्पादन गर्ने मन्त्रालयका सचिव, महाशाखा प्रमुख, सवै कार्यालय प्रमुख, अधिकृत कर्मचारी, सचिवालय परिवार, मन्त्रालय, यातायात कार्यालय लगायत सवै पूर्वाधार कार्यालयका कर्मचारी तथा सरोकारवाला सवैमा माननीय मन्त्रीज्यूले धन्यवाद व्यक्त गर्नुभयो ।

मितिः २०८२।०५।१६ गते

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

(प्रेम सुवेदी)
उपसचिव तथा प्रवक्ता
उपसचिव